आज मिति २०७६ साल वैशाख १५ गतेका दिन (आइतवार) धवलागिरि गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री धमसरा पुनज्यूको अध्यक्षतामा बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| श्री धमसरा पुन | अध्यक्ष | | |
| श्री रैशम छन्त्याल | उपाध्यक्ष | | |
| श्री ऋक बहादुर छन्त्याल | वडाध्यक्ष | वडा नं. | १ |
| श्री राम प्रसाद वि.क. | वडाध्यक्ष | " " | २ |
| श्री पुर्न पुन | वडाध्यक्ष | " " | ३ |
| श्री बेग प्रसाद घर्ती | वडाध्यक्ष | " " | ४ |
| श्री खर्ड कुमारी छन्त्याल | वडाध्यक्ष | " " | ५ |
| श्री राजाराम उपाध्याय | वडाध्यक्ष | " " | ६ |
| श्री कलानिधी शर्मा | वडाध्यक्ष | " " | ७ |
| श्री सुवादेवी रूर्जा | निर्वाचीत का.पा. सदस्य | | |
| श्री किनमाया घर्ती | " " " " | | |
| श्री तिल कुमारी के.सी | " " " " | | |
| श्री मोत कुमारी सुनार | " " " " | | |
| श्री राम बहादुर वि.क. | " " " " | | |
| श्री देउ प्रसाद छन्त्याल | " " " " | | |
| श्री गोविन्द सुनार | गाँउ कार्यपालिका सचिव | | |

अन्य उपस्थिति :-

श्री लोकनाथ पौडेल — स्वास्थ्य संयोजक ध.गा.पा.

प्रस्तावहरु :-

१. मौज्दात सम्पुरक कोषको रकम विनियोजन सम्बन्धमा।
२. ल्याब (Laboratory) का लागि आवश्यक सामाग्री माग गर्ने।
३. ECD (Early Childhood Development) class सञ्चालन स्वीकृति सम्बन्धमा।
४. गा.पा. क्षेत्रभित्र मेला (पर्व), महोत्सव सञ्चालन मापदण्ड सम्बन्धमा।
५. लेखा समिति गठन सम्बन्धमा।
६. समिति गठन सम्बन्धमा।
७. अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा।
८. स्रोत व्यक्ति (Resource Person) सम्बन्धमा।
९. कार्यालय सहयोगी भर्ना गर्ने सम्बन्धमा।

धमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

१०> सहकारी नियमावली संशोधन सम्बन्धमा ।

११> विविध । समवेदना । श्रद्धाञ्जली प्रकट सम्बन्धमा ।

निर्णयहरु :-

निर्णय नं. १

मिति २०७५।१०।१२ गतेका बसेको गाउँसभाको निर्णय नं. ११, बुँदा 'ड' को अधिनमा रही गाउँसभाबाट विभिन्न योजना / आयोजनामा बाँडफाँड गरी बाँकी रहेको समपुरक कोषको रकम तपशिल बमोजिम हुनेगरी विनियोजन गर्ने;

तपशिल :.

| | | |
|---|---|---|
| १. | राम्चे आधारभूत विद्यालय, मराङको छाना मर्मत | - रु २,००,०००।- (दुई लाख) |
| २. | भुर्मे आधारभूत विद्यालय, ताकम " " | - रु १,५०,०००।- (एक लाख पचास हजार) |
| ३. | बागेश्वरी आधारभूत, बुल, मराङ " " | - रु १,५०,०००।- (एक लाख पचास हजार) |
| ४. | ताकमकोट मन्दिर जाने मोटरबाटो निर्माण | - रु २,००,०००।- (दुई लाख) |
| ५. | सिम्बाङ, मिरमा गोरेटो बाटो निर्माण | - रु ९७,०३७।(सन्तानब्बे हजार सैतिस रु) |
| ६. | नुडखोला र सागवारी खोलामा आर.सि.सि पुल निर्माण | - रु १,००,०००।- (एक लाख रु) |
| ७. | पर्यटन गुरुयोजना सबै वडा समेट्ने | रु ५,००,०००।- (पाँच लाख) |
| ८. | मल्कबाङ, पूर्ई वडा र ताकमको बाँकी वडामा एक घर एक धारा खानेपानी विस्तृत परियोजना प्रतिवेदन (DPR) | - रु ५,००,०००।(पाँच लाख) |
| ९. | बेशी - मलम्पार - डाँडाकटेरी - रिखार - घोसा मुस्ताङ पदमार्ग अध्ययन - थप | - रु ३,००,०००।- (तीन लाख) |
| १०. | लुलाङदेखि - गुर्जाखम्मको केबलकार विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report 'DPR') | - रु १०,००,०००।- (दश लाख) |
| ११. | गाउँपालिका कार्यालयमा ट्वाइलेट र बाथरुम निर्माण योजना | - रु १०,००,०००।- (दशलाख) |
| | जम्मा | रु ४१,९७,०३७।- |

निर्णय नं. २

यस गाउँपालिका ७ नं. वडा ताकम स्वास्थ्य चौकीमा विगत १ वर्षदेखि सञ्चालन मा रहेको ल्याव सेवालाई निरन्तर सञ्चालन गर्न तपशिल बमोजिमका सामाग्रीहरु आवश्यक परेकोले कदम (KADAM) संस्थाद्वारा मार्फत माग गर्न अनुरोध गर्ने ।

तपशिल :.

1. Refrigenator
2. Centrifuse
3. Colorimeter ~~Pippets~~
4. Measuring pippets 5ml, 10ml
5. Plastic bottle 5ml, 10 ml.
6. Test tube Large
7. [illegible]

8. Micro Pippets 20, 50, 500 With Rack.
9. Test tube Rack Large | Medium
10. Waterbath
11. Hot air Oven
12. Microscopic Slide (5 box)
13. Xylene + Lens Paper
14. Syringe 3ml
15. Recording Book
16. Reporting Slip
a. Blood Sugar.
b. Blood Urea.
c. Uric Acid.
d. Occult Blood.
e. Groping
f. Cynemelt globin for HB
g. Sulfosalicylic Acid.

निर्णय नं ३

यस गाउँपालिका अन्तरगत ३ नं. वडा सोलवाङ् र कैलास प्रा.वि – आधारभूत विद्यालय वगर ४ नं. वडामा ECD class सञ्चालन गर्न – स्वीकृति दिने।

निर्णय नं. ४.

यस गाउँपालिकाको क्षेत्रभित्र विभिन्न क्लव, संघसस्थाहरुवाट सञ्चालन हुने मेला तथा महोत्सवलाई अनुशासित, मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि गाँउपालिका स्तरिय "मेला तथा महोत्सव सञ्चालन सम्वन्धि मापदण्ड" तयार गरी लागू गर्ने।

निर्णय नं. ५

यस गाउकार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयहरुको आर्थिक प्रशासन सम्वन्धि गतिविधिलाई चुस्त दुरुस्त वनाउन एवं कार्यपालिकालाई रचनात्मक सहयोग सुझाव प्रदान गर्न देहाय वमोजिमको लेखा समिति गठन गर्ने,

क) देउप्रसाद छन्त्याल - संयोजक
ख) खर्क छन्त्याल - सदस्य
ग) प्रेम पुन - सदस्य

निर्णय नं. ६.

आगामी आ.व. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम, वजेट तर्जुमा तथा योजना निर्माण सम्बन्धि कार्यक्रम तर्जुमा गर्नको लागि गत आ.व. मा छनौट भएका कार्यपालिका सदस्यहरुलाई नै चालु आ.व. को राजश्व परामर्श समिति, 'स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति', र वजेट तथा कार्यक्रम तर्जुमा समितिमा निरन्तरता दिने।

निर्णय नं. ७

आगामी आ.व. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम, वजेट तर्जुमा तथा योजना निर्माण/छनौट सम्वन्धि कार्यक्रममा छलफलका लागि गा.पा.मा सरोकारवाला व्यक्ति, निकाय र संघ संस्थाहरु सँग अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने।

निर्णय नं. ८

यस गाउँपालिका शिक्षा संयोजकको रुपमा कामकाज गरीरहनुभएका गिरी प्रसाद छन्त्यालको करार अवधि सकिएकोले निजको करार पदावधि आषाढ मसान्त सम्म थप गर्ने।

निर्णय नं. ९

यस गाउपालिकाको कार्यालयमा चिठीपत्र आदानप्रदान गर्न, सरसफाई एवं अन्य कामकाज गर्न कार्यालय सहयोगी आवश्यक परेकोले १ जना कार्यालय सहयोगी प्रचलित नियमानुसार भर्ना गर्ने।

निर्णय नं. १०.

यस गाउपालिका भित्र सहकारी संघ संस्थाहरुलाई सञ्चालन तथा व्यवस्थापन गर्न बनेको धवलागिरी गाउँपालिका सहकारी नियमावलीमा आवश्यक संसोधन गर्नुपर्ने देखिएकोले उक्त नियमावलिलाई आवश्यक अध्ययन पश्चात संसोधन गर्ने।

निर्णय ११.

यस (धवलागिरी) गाउँपालिका का अध्यक्ष ज्यूको आदरनीय दाजु एवं समाजसेवी भीम बहादुर पुनको यही मिति २०७५/१२/२६ गते भएको अकल्पनीय एवं असामयिक निधन प्रति गाउँपालिका परिवारले श्रद्धान्जली अर्पन गर्दै यस दुखद घडीमा शोकाकुल परिवारजनमा धैर्य धारन गर्ने शक्ति मिलोस् भनी कामना गर्ने निर्णय गरियो।